**सुनछहरी गाउँपालिका**

**स्थानीय राजपत्र**

खण्ड १० सुनछहरी, जेठ २९ गते, २०८३ साल संख्या २

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँकार्यपालिले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-२

## सुनछहरी गाउँपालिकाको प्राविधिक तथा विषयगत शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३

*गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०२//२९*

*प्रमाणीकरण मितिः २०८३/०३//०३*

*राजपत्रमा प्रकाशित मितिः २०८३/०३//०४*

**प्रस्तावनाः**

शिक्षा एक आधारभूत मौलिक हकको रुपमा रहेको छ। प्राविधिक शिक्षा र विषयगत शिक्षा +२ तर्फ अंग्रेजी, विज्ञान र गणित विषयमा खास गरि सुनछहरी गाउँपालिकाका छात्रछात्राहरुको पहुँच कमजोर भएको हुँदा प्राविधिक शिक्षा विषयगत शिक्षा+२ मा लक्षित समूहका छात्रछात्राहरुको पहुँच बढाई गुणस्तरीय शिक्षा प्रदान गरि प्रोत्साहन गर्न आवश्यक रहेको देखिन्छ। अतः प्राविधिक शिक्षाको डिप्लोमा र प्रि डिप्लोमा साथै विषयगत शिक्षा+२ तर्फ अंग्रेजी, विज्ञान र गणित विषयमा अध्ययन गर्न ईच्छुक तथा जेहेन्दार छात्रछात्राहरुलाई प्रोत्साहन गरी जनशक्ति उत्पादन गर्न छात्रवृत्तिको वितरण गर्न वाञ्छनीय देखिएकाले सुनछहरी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो प्राविधिक तथा विषयगत शिक्षाअध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३ जारी गरि लागू गरिएको छ।

### परिच्छेद-१
### प्रारिम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम " सुनछहरी गाउँपालिकाको प्राविधिक तथा विषयगत शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले सुनछहरी गाउँपालिकाको प्राविधिक तथा विषयगत शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३ लाई सम्झनु पर्दछ ।

ख. "गाउँपालिका" भन्नाले सुनछहरी गाउँपालिका, पोबाङ रोल्पा लाई सम्झनु पर्छ ।

ग. "प्राविधिक शिक्षा" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट अनुमति लिई सामुदायिक विद्यालयहरुमा संचालित कृषि तथा पशु विज्ञान, इन्जिनियरिङ्ग, स्वास्थ्य वा अन्य यस्तै प्राविधिक धार तर्फका डिप्लोमा र प्रिडिप्लोमा तर्फका कक्षा सम्झनु पर्दछ ।

घ. “विषयगत शिक्षा” भन्नाले कक्षा +२ अन्तर्गत अध्यापन हुने अंग्रेजी, विज्ञान र गणित विषयलाई सम्झनुपर्दछ ।

ङ. "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले सुनछहरी गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

च. "प्राविधिक शिक्षालय" भन्नाले सरकार नेपाल सरकार (CTEVT) बाट मान्यता प्राप्त शिक्षालयलाई सम्झनु पर्दछ ।

छ. “विद्यालय” भन्नाले सामुदायिक र संस्थागत विद्यालयलाई सम्झनुपर्दछ ।

ज. "छात्रवृत्ति छनौट संचालन तथा व्यबस्थापन समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

झ. "छात्रवृत्ति" भन्नाले तोकिएको सूचकका आधारमा छनौट भएका छात्रछात्राहरुलाई निःशुल्क प्राविधिक तथा विषयगत शिक्षा अध्ययनका लागि गाउँपालिकाले उपलब्ध गराउने बार्षिक मौद्रिक सुविधालाई जनाउँछ ।

**३. प्राविधिक तथा विषयगत शिक्षा छात्रवृत्ति वितरण गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन्:-**

क. सुनछहरी गाउँपालिकाका विपन्न तथा जेहेन्दार छात्रछात्राहरुमा प्राविधिक शिक्षाको पहुँच स्थापित गर्नु ।

ख. विषयगत जनशक्तिको उत्पादनमा वृद्धि गरी सुनछहरी गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्नु ।

ग. सुनछहरी गाउँपालिकाबासीको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रको लागि अत्यावश्यक प्राविधिक जनशक्ति तयार गरि कृषि आधुनिकरण तथा व्यवसायीकरणलाई प्रवर्द्धन गर्नु।

घ. गाउँपालिका भित्रका प्राविधिक शिक्षालयहरुमा आर्थिक अभावका कारण प्राविधिक शिक्षा अध्ययनको अवसर नपाएका विद्यार्थीहरुलाई अध्ययनको अवसर प्रदान गर्नु।

ङ.हालैका बर्षबाट प्राविधिक शिक्षा संचालन गरिरहेका पालिका प्राविधिक शिक्षालयमा विद्यार्थी संख्या कम देखिएका कारण विद्यार्थीको आकर्षण बढाई शिक्षालयहरुलाई आर्थिक रुपले सबल बनाउनु ।

च. सुनछहरी गाउँपालिकामा रहेको विषयगत शिक्षकको अभाव परिपूर्ति गर्नु ।

## परिच्छेद-२

## छात्रवृत्तिका लागि समावेश गरिएको विषय क्षेत्र तथा लक्षित समूह

४. यो छात्रवृत्ति प्राविधिक शिक्षातर्फ प्रि डिप्लोमा तह (१८ महिने) र डिप्लोमा तह (तीन वर्षे) र विषयगत शिक्षा तर्फ +२ तहमा अंग्रेजी, विज्ञान र गणित विषयको अध्ययन गर्ने विद्यार्थीहरुको लागि मात्र उपलब्ध गराइनेछ ।

**५.** प्राविधिक शिक्षातर्फ प्रि डिप्लोमा तह (१८ महिने) सुनछहरी गाउँपालिका भित्रकै विद्यालय वा शिक्षालय, डिप्लोमा तह (तीन वर्षे) रोल्पा लिवाङमा रहेको रोल्पा बहुप्राविधिक शिक्षालयमा र विषयगत शिक्षा तर्फ +२ तहमा अंग्रेजी, विज्ञान र गणित विषयको अध्ययन स्वयं विद्यार्थीले अध्ययन गर्न चाहेको विद्यालयमा अध्ययन गरिरहेका गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने तोकिएको संख्याका विपन्न तथा जेहेन्दार छात्रछात्राहरु यस छात्रवृत्तिका लक्षित समूह रहेका छन्।

## परिच्छेद-३
## छात्रवृत्तिका लाभग्राही विद्यार्थी छनौट निरन्तरताका आधार तथा शर्तहरु

**६.** यो छात्रवृत्ति वितरणका लागि निम्न आधारहरु अपाइनेछः

क. छात्रवृत्ति छनौट संचालन तथा व्यबस्थापन समितिको निर्णय बमोजिम दफा ५ बमोजिम एस.ई.ई. परीक्षाको नतिजा पश्चात गाउँपालिकाबाट छात्रवृतीका लागि आव्हान भएको सूचनाअनुसार दरखास्त दिई छनौट हुनुपर्ने ।

ख. छनौट भइसकेपश्चात प्राविधिक शिक्षाको हकमा सम्बन्धित विद्यालय वा शिक्षालयसँग गाउँपालिकाको सम्झौता बमोजिम हुने ।

ग. सुनछहरी गाउँपालिकाको स्थायी बासिन्दा तथा विपन्न परिवारको विद्यार्थी हो भनी सम्बन्धित वडाको सिफारिस संलग्न हुनुपर्ने ।

घ. उच्च अनुशासन, असल आचरण भएको तथा बाल विवाह नगरेको हुनुपर्ने।

ङ. सूचना जारी गरि प्राप्त आवेदनहरुको SEE को शैक्षिक प्रमाणपत्रको औषत जि.पि.ए. तथा अध्ययनरत शिक्षालयले लिएको प्रवेश परीक्षाको प्राप्ताङ्क साथै आर्थिक रुपमा विपन्नताको आधारमा मेरिट सूची तयार गरि मेरिटमा उच्च स्थानमा रहेकालाई छात्रवृत्तिकका लागि छनौट गरिने।

**७.** छात्रवृत्तिको लागि छनौट भएका प्रत्येक छात्रछात्राले अध्ययन पश्चात कम्तिमा एक वर्ष बराबर अवधिको लागि सुनछहरी गाउँपालिकाले तोकेको वडामा खटिएर अध्ययनसंग सम्बन्धित विषयमा स्वयंसेवा गर्नुपर्ने शर्त लिखित रुपमा मञ्जुर गर्नुपर्नेछ ।

**८.** बुँदा ७ बमोजिमका शर्त मुञ्जर गरि अध्ययन समाप्ति पश्चात शर्त कार्यान्वयन नगरेमा छात्रवृत्ति वापत उपलब्ध गराइएका रकम बार्षिक १० प्रतिशत ब्याज सहित सरकारी बाँकि सरह निजको चलअचल सम्पत्तिबाट असुल उपर गरिनेछ । त्यसको मञ्जुरीनामा निवेदनसँगै पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## छात्रवृत्ति कोटा, रकम तथा रकम निकासा प्रकृया

**९.** यस कार्यविधि बमोजिम उपलब्ध हुने प्राविधिक शिक्षा तथा विषयगत शिक्षा अध्ययन छात्रवृत्ति **छात्रवृत्ति छनौट संचालन तथा व्यबस्थापन समिति** को निर्णय बमोजिम संख्या निर्धारण गरिनेछ।

**१०.** यस कार्यविधि बमोजिम उपलब्ध हुने छात्रवृत्ति प्राविधिक शिक्षाको हकमा प्राविधिक शिक्षालयसंग समन्वय गरी प्राविधिक शिक्षा अध्ययन गर्न लाग्ने जम्मा शुल्क बराबर छात्रवृत्ति रकम सम्बन्धित विद्यालय र शिक्षालयको खातामा प्राप्त रसिद तथा निवेदनको आधारमा गाउँपालिकाले पठाउनेछ । विषयगत शिक्षा अध्ययन गरिरहेका छात्रछात्राहरुको हकमा अध्ययनरत विद्यालयमा वार्षिक परीक्षा दिएको सिफारिसपत्रको आधारमा वार्षिक रु. २०००० बिस हजार मात्र सम्बन्धित विद्यार्थीको बैंक खातामा पठाइनेछ।

## परिच्छेद-५

## छात्रवृत्ति छनौट संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**११.** गाउँपालिकाबाट वितरण गरिने छात्रवृत्तिको छात्रवृत्ति कार्यक्रम संचालन गर्न देहायको छात्रवृत्ति छनौट संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

क. गाउँ शिक्षा समितिको संयोजक - संयोजक

ख. उपाध्यक्ष - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. सामाजिक विकास समितिको संयोजक - सदस्य

ङ. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**१२.** बुँदा नं. ११ मा उल्लेखित समितिले आवश्यकता परेको खण्डमा उल्लेखित छात्रवृत्तिसंग सम्बन्धित विषयमा अनुभव भएका विज्ञहरु मध्येबाट २ जनासम्मलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

**१३.** बुँदा नं. ११ बमोजिम गठन भएको समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

**१४.** छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. यस छात्रवृत्ति वितरण कार्यविधिको अधिनमा रहि लक्षित समूहका विद्यार्थीहरुबाट दरखास्त आव्हानको सूचना प्रकाशन, प्राप्त भएका आवेदन उपर छानविन तथा मुल्यांकन गरि योग्य उम्मेदवारको छनौट गरि छात्रवृत्तिको लागि सम्बन्धित प्राविधिक शिक्षालय वा विद्यालयलाई सिफारिस गर्ने।

ख. छात्रवृत्ति वितरणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने कार्यपालिकालाई सिफारिस गर्ने।

ग. छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई अध्ययन पुरा भए पश्चात गाउँपालिकाको कुनै वडा तोकी स्वयं सेवाका लागि खटाउने तथा निजहरुको स्वयं सेवाको अनुगमन तथा मुल्यांकन गर्ने।

घ. छात्रवृत्तिको सम्बन्धमा प्राविधिक शिक्षालय र विद्यालयसंग समन्वय गर्ने।

**१७.** छात्रवृत्ति वितरण सम्बन्धी कुनै विवाद वा अन्य कुनै प्राविधिक समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची-१

## प्राविधिक शिक्षा तथा विषयगत शिक्षा अध्ययनका लागि छात्रवृती आव्हानको सूचना

प्रस्तुत विषयमा सुनछहरी गाउँपालिकाको प्राविधिक तथा विषयगत शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम सुनछहरी गाउँपालिकाभित्र स्थायी बसोबास भएका शैक्षिक सत्र २०..... को माध्यमिक शिक्षा एस.ई.ई. मा सहभागी भई उर्तीण छात्र छात्राहरुको लागि तपसिल बमोजिमको प्राविधिक तथा विषयगत(कक्षा ११) शिक्षा अध्ययन गर्न ईच्छुक छात्र छात्राहरुलाई छात्रवृत्ती प्रदान गर्ने उद्देश्यले यो सूचना प्रकाशन गरिएको छ । अध्ययन गर्न ईच्छुक छात्र छात्राहरुको लागि यो सूचना प्रकाशित भएको मितिले सुनछहरी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा आवेदन दिनुहुन जारीकारी गराईन्छ ।

**तपसिलः**

| विवरण | संख्या | छात्रवृत्ती रकम | अध्ययन गर्नु पर्ने संस्था |
|---|---|---|---|
| १.प्राविधिक शिक्षा तर्फ | | | |
| क.प्रि डिप्लोमा तह | | | |
| ख. डिप्लोमा तह | | | |
| २. विषयगत शिक्षा तर्फ | | | |
| क. अंग्रेजी | | | |
| ख. विज्ञान | | | |
| ग. गणित | | | |

सदस्य सचिव

छात्रवृत्ति छनौट संचालन तथा व्यवस्थापन समिति

**आवश्यक कागजात**

१. अनुसूची २ बमोजिमको आवेदन
२. अनुसूचि ३ बमोजिमको प्रतिबद्धता पत्र
३. वडा कार्यालयको सिफारिस
४. नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी

**अनुसूची-२**

**प्राविधिक शिक्षा तथा विषयगत शिक्षा अध्ययन छात्रवृत्ति आवेदन फारमको ढाँचा**

**दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो**

मितिः-.......................

श्रीमान् संयोजक ज्यू,

छात्रवृत्ति छनौट संचालन तथा व्यवस्थापन समिति,

सुनछहरी गाउँपालिका, पोबाङ रोल्पा ।

**विषयः प्राविधिक शिक्षा र विषयगत शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराई पाउँ।**

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाबाट मिति....................... प्रकाशित प्राविधिक शिक्षा विषयगत शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धि सूचना बमोजिम रोल्पा जिल्ला सुनछहरी गाउँपालिकाको वडा नं. .......... स्थायी निवासी...................... को नाती/नातिनी....................... तथा .......................को छोरा/छोरी म निवेदक....................... ले ....................... विद्यालयमा ....................... विषय लिई प्राविधिक शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थी समेत भएकाले ताहाँ गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति पाउँ भनि श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु। सूचनामा माग भए बमोजिमका प्रमाणित गरेका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

निवेदक

नामथरः .......................

दस्तखतः .......................

ठेगानाः .......................

**अनुसूची-३**

**प्रतिवद्धता पत्रको ढाँचा**

| |
|---|
| **दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो** |

मितिः-.......................

**प्रतिवद्धता पत्र**

रोल्पा जिल्ला सुनछहरी गाउँपालिकाको वडा नं. .......... मा स्थायी निवासी ...................... को नाती/नातिनी ...................... तथा ......................को छोरा/छोरी म निवेदक ...................... ले ...................... विद्यालयमा ...................... विषय लिई प्राविधिक शिक्षा/विषयगत शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थी समेत भएकाले ताहाँ गाउँपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा/विषयगत शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरि अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकाले तोकेको वडामा कम्तिमा .......... बर्ष सेवा गर्ने लिखित प्रतिबद्धता जाहेर गर्दछु ।

| प्रतिबद्धता जाहेर गर्नेको | प्रतिबद्धता जाहेर गर्नेको प्रमुख संरक्षकको |
|---|---|
| नामथरः<br>दस्तखतः<br>ठेगानाः<br>औठाछापः<br><br>दायाँ बायाँ | नामथरः<br>दस्तखतः<br>ठेगानाः<br>औठाछापः<br><br>दायाँ बायाँ |

आज्ञाले,
प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत